बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय ललितपुरको

गोलिया काठ/दाउराको बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति २०८३/०७/१३

श्री मौरी पालन विकास केन्द्र गोदावरी न.पा. ०३, ललितपुरको परिसरमा रहेका जोखिमयुक्त रुखहरु कटान गरी सम्बन्धित कार्यालय परिसरमा घाटगद्दि गरी लट ६ कायम भएको तपसिल बमोजिमको वन पैदावार जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले सो सूचना प्रकाशित गरिएको छ । ईच्छुक फर्म वा कम्पनीले यो सूचना प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएकोले मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ दिन सम्म सिलबन्दीको बोलपत्र दाखिला गर्न यो सूचना आवहान गरिन्छ ।

तपसिल

१. वन पैदावारको विवरणः

क्र.स.	वन पैदावार						मुल्यांकन (रु.)	
	लट न.	जात	किसिम	थान	ईकाई	परिमाण	न्युनतम	कटान खर्च
१	१	उत्तिस (ए ग्रेड)	गोलिया	१०	क्यु.फि.	१११.१८	१,९३,२६८	७२,६८४
२		उत्तिस (बी ग्रेड)	गोलिया	२७६	क्यु.फि.	११००.२१		
		जम्मा		२८६		१२११.३९		
३		उत्तिस	दाउरा		चट्टा	१.५		

२. बोलपत्र खरिद तथा दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

क) बोलपत्र खरिद गरिने स्थानः डिभिजन वन कार्यालय ललितपुर

ख) खरिद गर्ने अन्तिम मिति र समयः २१ औं दिन मिति २०८३/०८/०३ गते कार्यालय समय भित्र (बोलपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदाको दिन परेमा बिदा पछि कार्यालय खुल्ने दिन कार्यालय समय भित्र खरिद गर्नुपर्नेछ)

ग) दाखिला गर्ने स्थानः डिभिजन वनकार्यालय ललितपुर

घ) दाखिला गर्ने अन्तिम मिति र समयः २२ औं दिन मिति २०८३/०८/०४ गते दिनको १:०० बजेसम्म (बोलपत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदाको दिन परेमा बिदा पछि कार्यालय खुल्ने दिन दिनको १:०० बजेसम्म दाखिला गर्नुपर्नेछ)

३. बोलपत्र फारम प्रति लटको रु १०००/- पछि फिर्ता नहुने गरी तिरी डिभिजन वन कार्यालयबाट खरिद गर्न सकिनेछ ।

डिभिजनल वन अधिकृत

४. बोलपत्रसाथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम प्रदेश लेखा ईकाई कार्यालय काठमाण्डौको नाममा नेपाल बैक लिमिटेडको धरौटी खाता नं. ०१८०२००००२००३००००००१ कार्यालय कोड ३१२१२३४०१३ डिभिजन वन कार्यालय ललितपुरमा जम्मा गरेको सक्कलै भौचर वा कम्तिमा ६ महिना मान्य भएको बैक जमानत समावेश गर्नुपर्नेछ ।

५. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र घाटगद्धि स्थानमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोपाईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि र वन नियमावली २०७९ को नियम १२८ बमोजिम उद्योग सूचिकृत भएको प्रमाणपत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३/०८/०४ मा दिनको ३:०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ ।

८. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १५ (पन्ध्र) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर तथा कटान संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१०. प्रस्तुल बोलपत्र सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा त्यसको अन्तिम निर्णय दिने अधिकार डिभिजनल वन अधिकृतको हुनेछ ।

११. रीतपूर्वक नभएको वा म्याद नाघी प्राप्त भएको बोलपत्र मान्य हुने छैन ।

१२. प्रस्तुत बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार अधिकार प्राप्त अधिकारीमा निहित हुनेछ ।

१३. थप कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।